घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

**खण्ड : ५) जोमसोम, असार ३० गते, २०८१ साल (संख्या : ०२)**

## भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालयको, मुस्ताङको**
**सूचना**

## घरपझोङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४२ को समानताको हक सम्बन्धी व्यवस्थाको उपधारा (१) र (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायको नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यन्न र सामाजिक सूरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को पालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र स्थानीय सुरक्षा योजना र व्यवस्थापन गर्न सक्ने उल्लेख गरिएकोले आर्थिक रुपले विपन्नता भएका परिवारको पालनपोषण, हेरचाह, शिक्षा, स्वास्थ्य उपचार तथा संरक्षण साथै विपन्नतामा परेका व्यक्ति तथा परिवारका लागि र गाउँपालिकाको लक्ष्य तथा उद्देश्यमा हातेमालो गर्दै नागरिक हित प्रवर्द्धन गर्ने गैर नाफामूलक संघ संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले **"आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१"** बनाई लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"घरपझोङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ। (२) कार्यविधि तुरुन्तै लागु हुनेछ।

**२. परिभाषा: विषय प्रसंगले अर्को अर्थ नलागेमा**

क) **"गाउँपालिका"** भन्नाले घरपझोङ गाउँपालिका सम्झनु पर्दछ।

ख) **"गाउँ कार्यपालिका"** भन्नाले घरपझोङ गाउँ कार्यपालिकालाई सम्झानु पर्दछ।

ग) **"आर्थिक सहायता पाउन योग्य व्यक्ति"** भन्नाले गरिबीको रेखामुनी रहेको भनी प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो लगायतका गम्भिर प्रकृतिका रोग लागेका, प्राकृतिक प्रकोपबाट पीडित तथा सामाजिक कुरितीबाट पीडित व्यक्तिलाई सम्झनु पर्दछ।

घ) **"गैर नाफा मुलक संस्था"** भन्नाले कुनै सामाजिक, साहित्य, सांस्कुतिक, वैज्ञाजिक, कल्याणकारी, धार्मिक, शैक्षिक, बौद्धिक, अनुसन्धानमूलक, शारीरिक, व्यावसायिक, परोपकारी काम गर्ने मूनाफाको उद्देश्य नरहेको सामुदायिक विकास गर्दै पर्यवारण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्देश्यले स्थापना भएका संघ संस्था, क्लब, परिषद, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेसन आदि जुनसुकै नाम दिईएको संस्था सम्झनु पर्छ।

ङ) **"अध्यक्ष"** भन्नाले घरपझोङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## आर्थिक सहायता सम्बन्धी कार्यविधि

**३. निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता पाउने व्यक्ति वा संस्थाले प्रमाण सहित सम्बन्धित वडाको सिफारिस समेत संलग्न राखि गाउँपालिका अध्यक्षलाई निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदनमा आवश्यक छानविन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ३,४,५,६ र ७ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ।

**४. गम्भीर प्रकृतिका बिरामीलाई आर्थिक सहायताः**

(१) दफा २ को उपदफा (१) बमोजिम निवेदन दिएका व्यक्ति मध्ये दीर्घ रोग लागेका (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्कघात, क्यान्सर लगायतका गम्भिर प्रकृतिका बिरामी) व्यक्तिलाई गाउँपालिका अध्यक्षको निर्णय बमोजिम बिरामीको अवस्थाको आधारमा रु.५०००।- देखि रु.२०,०००।- सम्म आर्थिक सहायता वापतको रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

**५. घरेलु हिंसा पिडितलाई दिइने सहायताः**

(१) विपन्न कारणले घरेलु हिंसामा परेका बालबालिका, महिला तथा जेष्ठ नागरिकहरुलाई गाउँपालिका अध्यक्षको निर्णयानुसार रु.५०००।- देखि रु.१०,०००।- सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(३) यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनका लागि गाउँ कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता रकम उपलब्ध गराउन सकिनेछ ।

(४) यस दफा बमोजिम पीडितलाई न्याय दिलाउन एवं पूनःस्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**६. आर्थिक रुपले विपन्न सुत्केरी महिला, जेष्ठ नागरिक तथा असहाय अतिविपन्न बालबालिका लगायतका व्यक्तिलाई सहायता :**

(१) सामाजिक, आर्थिक, प्राकृतिक तथा मानवीय कारणले जोखिममा रहेका नागरिक र बालबालिकाहरुलाई गाउँपालिका अध्यक्षको निर्णयानुसार रु.५०००।- देखि रु.१०,०००।- सम्मको आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

**७. संस्थागत रुपमा दिइने आर्थिक सहायताः**

(१) गाउँपालिकामा विभिन्न कारण देखाई संस्थागत रुपमा आर्थिक सहायता माग गरी परेका निवेदनका सम्बन्धमा आर्थिक सहायता माग गर्नुका कारण उपर छानविन गरी आर्थिक सहायता रकम उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिका अध्यक्षको निर्णयानुसार रु.१५,०००।- सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

**८. जेष्ठ नागरिकहरुलाई आर्थिक सहायताः**

(१) दलित, पिछडीएका वर्ग र अल्पसंख्यक जेष्ठ विपन्न नागरिकको हकमा ६० बर्ष उमेर पुगेका एकल वा वेवास्तामा परेका नागरिकलाई गाउँपालिका अध्यक्षको निर्णयानुसार रु.५०००।- सम्मको रकम आर्थिक सहायता वापतको रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

## विविध

**९. निवेदनको ढाँचाः**

(१) दफा ४, ५, ६, ७ र ८ अनुसारको आर्थिक सहायता माग गर्ने निवेदनको ढाँचा अनुसूची (१) र (२) मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(२) संस्थागत सहायताको लागि प्रस्तावना पेश गर्नुपर्नेछ ।

**१०. बजेट वयवस्थापनः**

(१) यस कार्यविधि अनुसार उपलब्ध गराईने आर्थिक सहायताका लागि गाउँसभाले बजेट विनियोजन गर्नेछ ।

**११. आर्थिक सहयोगको सिमा र समयावधिः**

(१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटक आर्थिक सहायता पाएका व्यक्तिलाई १ बर्ष भित्र सोही विषयमा पूनः आर्थिक सहायता दिईनेछैन ।

(२) मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातको बिरामीलाई औषधि उपचर वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार उपचार खर्च पाउने लाभग्राहीलाई यस कार्यविधि अनुसार थप आर्थिक सहायताको रकम उपलब्ध गराईने छैन ।

**१२. बाधा अड्काउ फुकाउः**

(१) यस कार्यविधिमा कुनै समस्या आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची - १

मिति : ...........................

श्रीमान् अध्यक्षज्यू
घरपझोङ गाउँपालिका, जोमसोम, मुस्ताङ ।

**महोदय,**

प्रस्तुत विषयमा म/हामी ................................ रोगले ग्रसित भई उपचार गराई रहेको व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म/मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि गाउँपालिकाले स्वीकृत गरेको कार्यविधि अनुसारको आर्थिक सहायता उपलब्ध गराई निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल :**

१. सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,
२. गम्भिर प्रकृतिको रोग हो भनी सम्बन्धित वडाको सिफारिस,
३. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. अस्पतालमा भर्ना भएको कागजातहरु र डाक्टरको प्रेस्क्रिप्सन,
५. अन्य आवश्यक कागजातहरु,

### निवेदक

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची - २

**(विपन्न  महिला, बालबालिका र जेष्ठ नागरिक लगायत सँग सम्बन्धित)**

मिति : ............................

श्रीमान् अध्यक्षज्यू,
घरपझोङ गाउँपालिका, जोमसोम, मुस्ताङ ।

**महोदय,**

प्रस्तुत विषयमा मेरो/हामिहरुको आर्थिक अवस्था नाजुक रहेको/प्राकृतिक विपतका कारण मेरा/हाम्रो ......................................... धनजनको क्षति भएकोले गाउँपालिकको स्वीकृत कार्यविधि अनुसार तोकिए बमोजिमको आर्थिक सहायता उपलब्ध गराई दिनुहुन तपसिल बमोजिमका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल :**

१. सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,
२. सम्बधित वडाबाट धनजनको क्षति भएको विवरण सहित विपन्न नागरिक भएको सिफारिस,
३) नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,
४) क्षतिको प्रहरी मुचुल्का ।
५. क्षति देखिने फोटो/भिडियो ।

**निवेदक**

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

.............................

**आज्ञाले,**

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०३/३०